खोटेहाङ गाउँपालिका

# आर्थिक सहायता वितरण कार्यविधि २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०९/२८

**प्रथम संसोधन कार्यविधि, २०८१**

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# आर्थिक सहायता वितरण कार्यविधि, २०७८

**प्रस्तावना :** खोटेहाङ गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हासिल गर्न तथा खोटेहाङ गाउँपालिका कोषको सही सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम खोटेहाङ गाउँपालिका आर्थिक सहायता वितरण कार्यविधि, २०७८, रहनेछ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाष : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "आर्थिक सहायता" भन्नाले कुनै पनि किसिमको प्राकृतिक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ ।

ख) "प्राकृतिक विपत्ति" भन्नाले भुकम्प, बाढी, पहिरो, चट्याङ, हुरी, बतास, असिना, शितलहर , तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउँछ ।

ग) "मानवीय विपत्ति" भन्नाले मानिसका कारणबाट भएको आगलागी, महामारी, हुलदंगा, जल, औद्योगिक दुर्घटना, विषाक्त खाद्य सेवन, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट जस्ता विपक्ति भन्ने बुझाउँछ ।

घ) "दीर्घ रोग" भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग र एच.आ.ई.भी एड्स आदि जस्ता रोग बुझाउँछ ।

## परिच्छेद- २
## सहायता रकम

३. संकटहरु पूर्ण  रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदा अपनाउँदै समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौति सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केहिमात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै तपशिल अनुसारको शीर्षकमा तपशिल अनुसारको आर्थिक सहायता प्रदान गरिनेछ । सो भन्दा बढी रु २५ हजार सम्मको आर्थिक सहायता कार्यपालिका बैठकको निर्णयानुसार प्रदान गर्न सकिनेछ । घटनाको प्रकृति हेरी १० हजार भन्दा माथि आर्थिक सहायता प्रदान गर्दा विपद् व्यवस्थापन समिति र सामाजिक विकास समितिको सिफारिस पेश गर्नु पर्नेछ ।



उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

(क) मृत्यु भएका परिवारका लागि तत्काल राहात पुग्नेगरी अधिकतम रु २० हजार सम्म राहात वितरण गरिनेछ।

**वितरणका आधारहरु :**

(क) प्रहरी सर्जमिन मुचुल्का

(ख) प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र

(ग) निवेदन

(घ) सम्भव भए सम्म तस्बीर (फोटो)

(ङ) नागरिकताको प्रतिलिपी

**(ख)** घाइते तथा उपचारको क्रममा रहेका विरामिहरुको लागि विरामीको प्रकृति हरेर अधिकतम २० हजार सम्म आर्थिक सहायता गर्न सकिनेछ।

**वितरणका आधारहरु :**

(क) बिरामी दर्ता पूर्जा (prescription)

(ख) प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र

(ग) सम्बन्धित बिरामी वा संरक्षकको निवेदन

(घ) नागरिकताको प्रतिलिपी

**(ग)**. गम्भीर प्रकृतिका रोगीहरुका लागि उपचारको क्रममा रोगको प्रकृति हेरेर अधिकतम रु २० हजार सम्म आर्थिक सहायता गर्न सकिनेछ।

**वितरणका आधारहरु :**

(क) बिरामी दर्ता पूर्जा (prescription)

(ख) प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धित बिरामी वा संरक्षकको निवेदन

(घ) नागरिकताको प्रतिलिपी

## परिच्छेद -३

## समयावधि

४. विपद्को जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा पारेको प्रतिकुल असर/प्रभावहरुलाई क मगर्न र दैनिक जीवनयापनमा केही हदसम्म ल्याउन नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पीडितलाई उपलब्ध गराइनेछ।

## परिच्छेद -४

## विविध

५. यो कार्यविधिका कुनै दफाहरु संघीय, प्रदेश कानुनसंग बाँझिएमा उक्त दफा बाँझिएको हद सम्म अमान्य हुनेछ।

६. यस अघि प्रदान गरिएको आर्थिक सहायता यसै कानूनबमोजिम भए गरेको मानिनेछ।



उदिम बहादुर राई
अध्यक्ष

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७८ साल पुस २८ गते बसेको गाउँकार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

..............................

(प्रदिप राई)

अध्यक्ष

मितिः-२०७८/०९/२८

उद्दिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका